1

# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः २३-२०७९/०८०

मिति २०८०/०३/३१

समय: दिनको १२:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०८०/०३/३१

वैठक संख्या: २३-२०७९/०८०

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा
२. फोहोरमैला ब्यवस्थापन सम्बन्धमा
३. वार्षिक प्रगती समीक्षा तथा सार्वजनिक सुनुवाई सम्बन्धमा
४. विपद् राहत सम्बन्धमा
५. ठेक्काबाट निर्माण भएका आयोजना सम्बन्धमा
६. सदस्य सचिव तोक्ने सम्बन्धमा
७. आयोजना प्राथमिकरण गरी कार्यान्वयन गर्ने सम्बन्धमा
८. टोल विकास संस्था घटाउने सम्बन्धमा
९. पूर्वाधार विकास निर्माण आयोजना संचालन नियमावली र घर नक्सा अभिलेखिकरण कार्यविधि तर्जुमा सम्बन्धमा
१०. स्टक प्रमणित सम्बन्धमा
११. कित्ता काट तथा खरिद बिक्री खुलाउने सम्बन्धमा
१२. गाडी भाडा सम्बन्धमा
१३. घर भाडा सम्बन्धमा
१४. सम्पत्ती विवरण बुझाउने सम्बन्धमा
१५. करार सेवा म्याद थप सम्बन्धमा
१६. रिक्त दरबन्दीमा पदपूर्ति सम्बन्धमा
१७. विज्ञ परामर्थदाताको म्याद थप सम्बन्धमा
१८. गाउँपालिकाको लोगो बनाउने सम्बन्धमा
१९. तलबी विदा स्वीकृत सम्बन्धमा
२०. गाउँपालिकाबाट भुक्तानी लिन बाँकी भनि परेका निवेदनको छानविन समितिको प्रतिवेदन सम्बन्धमा
२१. स्थानीय उत्पादन तथा बिक्री कर सम्बन्धमा
२२. नदीजन्य पदार्थ उत्खनन् प्रगति सम्बन्धमा

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु:**

**निर्णय नं. १:** यस अघिको कार्यपालिका वैठकको निर्णयको कार्यान्वयन प्रगति समीक्षा गरियो ।

**निर्णय नं. २:** फोहोरमैला उठाउन डम्पिङ साइडमा लैजान तथा ब्यवस्थापन गर्न चालु आ.व. मा सम्झौता गरिएको ट्याक्टरको मूल्यमा नबढाई सोही मूल्यमा नै फोहोर ब्यवस्थापन गर्न ३ महिना म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** मिति २०८०।०४।१२ गते वार्षिक प्रगति समीक्षा तथा सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** वडा नं. ३ खेम बहादुर मगरको घर भत्किएर घरले च्यापिएर घाइते भएकोले आगामी आ.व.को राहत, उद्दार तथा पुनर्स्थापना शीर्षकबाट रु. १५,०००।– (अक्षरुपी पन्ध्र हजार रुपैंया मात्र) नगद रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५:** ठेक्का लगाइएको तपसिलका आयोजनाको सम्बन्धमा तपसिल अनुसारको निर्णय गरियो ।

क) संघीय बजेट फ्रिज गराएको, तोकिएको सम्झौता अनुसार काम नगरेकोले घण्टाचुली पर्यटन क्षेत्र विकास कार्यक्रमको ठेक्का लिएको मृत संजीवनी शिव शक्ती ईको जे.भी. सँगको ठेक्का तोड्ने, बैंक ग्यारेण्टी जफत गर्ने र बैंक ग्यारेण्टी गाउँपालिका खातामा जम्मा प्राप्त भएपछि कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउने ।

ख) गाउँपालिका प्रशासकीय भवनको निर्माण ठेक्का लिएको रविना/आविशा जे.भी. लाई जरिवाना नलिई २०८० मंसिर १५ सम्म ठेक्का समय म्याद थप गर्ने र गाउँपालिकावाट कुनै क्षतिपूर्ति तथा मूल्यवृद्धि नदिने ।

ग) गाउँपालिका अस्पतालको निर्माण ठेक्का लिएको रोशन शिव शक्तिले लिएको दोस्रो मोविलाइजेसन फिर्ता लिने र आगामी आ.व. ठेक्का म्याद थप भएको समयमा मात्र काम सम्पन्न गर्न निर्देशन दिने ।

घ) घिनाटार टाउनचोक कालोपत्रे (पिच) गर्ने आयोजनाको ठेक्का लिएको जि.एम.आर. (GMR) कन्स्ट्रक्सन नेपाल प्रा.लि. ले न्यून प्रगति गरेको तथा संघीय सशर्त बजेट फ्रिज गराएकोले मोविलाइजेसन पेश्कि फिर्ता लिने, बहुबर्षिय लगानी योजना अनुरुप आगामी आ.व.को लागि रु. ७१,००,०००।– (अक्षरुपी एकहत्तर लाख रुपैंया मात्र) विनियोजन भएकोले सो भन्दा बढी काम लगाउन नसकिने ।

**निर्णय नं. ६:** गाउँ सभाबाट गठन भएको तपसिल अनुसारको समितिको सदस्य सचिव तपसिल अनुसार तोक्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| | | |
|---|---|---|
| क) लेखा समिति | - | हेमराज शर्मा (आ.ले.प.) |
| ख) विधायन समिति | - | गोविन्द प्रसाद पौडेल (अधिकृत छैठौं) |
| ग) सुशासन समिति | - | प्रदिप कुमार बुढाथोकी (सि.अ.हे.ब. छैठौं) |

**निर्णय नं. ७:** स्रोत साधनको सुनिश्चितता एवं प्राप्तीको आधारमा आयोजना कार्यान्वयन गर्नुपर्ने भएकोले वडा कार्यालयबाट प्राप्त पहिलो प्राथमिकताका आयोजनाहरु २०८० मंसिर महिना भित्र सम्पन्न हुने गरी सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. ८:** साविकका टोल विकास संस्थाको संख्या घटाई तपसिल अनुसार कायम गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

क) वडा नं. १ :- बढिमा ९ वटा
ख) वडा नं. २ :- बढिमा ११ वटा
ग) वडा नं. ३ :- बढिमा ९ वटा
घ) वडा नं. ४ :- बढिमा ६ वटा
ङ) वडा नं. ५ :- बढिमा १३ वटा

**निर्णय नं. ९:** पूर्वाधार विकास निर्माण नियमावली र घरनक्सा अभिलेखिकरण कार्यविधि मस्यौदा तयार गरि पेश गर्न पूर्वाधार विकास समिति लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १०:** चालु आ.व. २०८० जेष्ठ मसान्त भित्र उत्खनन् भएको नदीजन्य पदार्थको स्टक प्रमाणितको लागि निवेदन आएका र प्रक्रिया पुरा भएका तथा अनुगमन समितिबाट सिफारिस भएका तपसिल अनुसारको स्टक प्रमाणित गरियो र प्रमाणित स्टक परिमाण विक्री गर्नका लागि अनुमति दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | निवेदक | परिमाण (घ.मि.) | कैफियत |
|---|---|---|---|
| १ | पवन कन्ट्रक्सन प्रा.लि., देवघाट-५ तनहुँ | २२०४.३२ | |
| २ | कुँवर ब्रदर्स एण्ड निर्माण प्रा.लि., देवघाट-५ तनहुँ | २९९.०६ | |
| ३ | अजित कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | ४४० | |
| ४ | शदिस कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., देवघाट-५ तनहुँ | २५५.५० | |
| ५ | सोयुङ्ग एण्ड सिवन कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., भरतपुर-२९ चिरतवन | २२७८ | |
| ६ | बुलेट कन्ट्रक्सन प्रा.लि., भानु तनहुँ | १०६४० | |
| ७ | घण्टाचुली कन्ट्रक्सन प्रा.लि, देवघाट-५ , तनहुँ | ४११.८४ | |
| ८ | शजअरो कन्ट्रक्सन प्रा.लि. | ११९२.९८ | |
| ९ | सुनिश्चित कन्ट्रक्सन प्रा.लि. | ६४३.५० | |
| १० | एस.जि.एम. विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., भरतपुर-२९ चितवन | ३५२.८० | |

**निर्णय नं. ११:** भू-उपयोग परिषद् तथा यस अधिको कार्यपालिका वैठकबाट भएको निर्णय बमोजिम स्वीकृत भएको गाउँपालिकाको भूमी वर्गीकरण तथा भू-उपयोग योजना २०८०, राजपत्रमा प्रकाशन गरी कित्ता काट तथा खरिद बिक्री खुलाउने निर्णय गरियो ।

**निर्णय नं. १२:** अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको लागि भाडामा लिइएको गाडीको सम्झौताको म्याद थप व्यय भार नहुने गरी साविक बमोजिम कै भाडा दरमा आगामी आ.व. २०८०/०८१ सम्म थप गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

मिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. १३:** हाल गाउँ कार्यपालिकाको कार्यालयले प्रयोग गरिरहेको घर भाडाको सम्झौता थप व्ययभार नहुने गरी साविकको दर रेटमा आगामी आर्थिक वर्ष २०८०/०८१ पौष मसान्त सम्म थप गर्ने निर्णय गरियो । साथै गाउँपालिकाको अध्यक्षको गाउँपालिका केन्द्र रहेको वडा नं. ५ मा कुनै घर नभएकोले घरभाडा शीर्षकबाट अध्यक्षलाई आवास सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४:** २९ जना जनप्रतिनिधिहरुको सम्पत्ति विवरण फाराम भरी आगामी श्रावण मसान्त सम्म गाउँपालिकामा बुझाउने तथा सदस्यलाई खबर गरी फाराम भराउन वडा अध्यक्षहरुलाई निर्देशन दिने निर्णय गरियो

**निर्णय नं. १५:** हाल दरबन्दीमा र कार्यक्रम अनुसार करारमा काम गरि रहेका कर्मचारीहरुको आ.व. २०८०/०८१ सम्म म्याद थप गर्ने तर कार्य क्षमताको आधारमा क्रमश चौमासिक रुपमा करार सम्झौता थप गर्ने, स्थायी पदपूर्ति भएमा सम्झौता अगाबै हटाउने साथै संघीय सरकारले उपलब्ध गराउने पारिश्रमिक तथा सुविधा बराबर उपलब्ध गराउने निर्णय गरियो । साथै कार्यक्रमका कर्मचारीहरुको एक आ.व. को लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:** रिक्त रहेका दरबन्दी र कार्यक्रम तथा वजेटमा परेका कर्मचारीहरुको पदपूर्ति आगामी आ.व. मा तुरुन्तै गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७:** गाउँपालिका प्रशासकीय भवन, अस्पताल तथा अन्य भौतिक संरचना निर्माणमा विज्ञ ईन्जिनियरको आवश्यकता भएकोले हाल काम गरिरहेका ईन्जिनियर सन्देश दाहाललाई मासिक रु. ३०,०००।– (तीस हजार रुपैंया मात्र) मा भुक्तानी दिने गरी आगामी ६ महिना सम्मको लागि विज्ञ परामर्शदाताको रुपमा म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:** गाउँपालिकाको आफ्नै लोगो पनि वनाउन आवश्यक देखिएकोले देवघाट गाउँपालिकाको धार्मिक, सांस्कृतिक तथा प्राकृतिक विशेषता झल्कने लोगो निर्माण गर्ने तथा उत्कृष्ठ रुपमा लोगो निर्माण गर्ने ब्यक्तिलाई रु. १०,०००।– (अक्षरुपी दश हजार रुपैंया मात्र) नगद पुरस्कार दिने निर्णय गरियो ।

**निर्णय नं. १९:** सिङ्च्याङ स्वास्थ्य चौकीको सि.अ.न.मी. शोभा वाग्लेको लागि ४ वर्षे BMS कोर्ष अध्ययनको लागि तलवी विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०: :** देवघाट गाउँपालिकाबाट भुक्तानी लिन बाँकी भएको भनि निवेदन प्राप्त भएकोमा त्यसको छानविन गरी प्रतिवेदन पेश गर्न गठन गरिएको छानविन समितिको प्रतिवेदन अनुसार तपसिलका ब्यक्ति फर्म तथा उपभोक्ता समितिलाई भुक्तानी दिनु नपर्ने तथा राजस्व फिर्ता गर्नु नपर्ने निर्णय गरियो ।

तपसिल

क) एस.आर.निर्माण सेवा:- भुक्तानी दिन नमिल्ने
ख) खगेन्द्र शर्मा :- भुक्तानी दिन नमिल्ने
ग) सन्ध्या सन्देश निर्माण सेवा:- राजस्व फिर्ता गर्न नसकिने
घ) कछार क्षेत्र सुन्तला पकेट संचालन समन्वय समिति, देवघाट-३:- भुक्तानी गर्न नसकिने ।

**निर्णय नं. २१:** देवघाट गाउँपालिकाका सबै वडा क्षेत्रबाट सबै प्रकारका फलफूल, कबाडी सामान, दाउरा तथा काठ ब्यवसायिक प्रयोजनको लागि बिक्री गर्न देवघाट क्षेत्र बाहिर लैजानेलाई स्थानीय उत्पादन तथा

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

निल बहादुर थापा
अध्यक्ष

बिक्री कर लगाउन रु. ७,००,०००।– (अक्षरुपी सात लाख रुपैंया मात्र) आय इष्टिमेट हुने गरी आय ठेक्का लगाउने निर्णय गरियो ।

**निर्णय नं. २२:** अनुगमन समितिले पेश गरेको प्रतिवेदन अनुसार चालु आ.व. २०७९/०८० मा ठेक्का लगाई उत्खनन् गरेको तथा गाउँपालिका आफैंले उत्खनन् गरेको नदीजन्य पदार्थ उत्खनन् प्रगतिको छलफल तथा समीक्षा गरियो । प्रतिवेदन अनुसार तपसिल अनुसार उत्खनन् भएको पाइयो । उत्खननबाट तपसिल अनुसार राजस्व आम्दानी प्राप्त भएको जानकारी प्राप्त भयो ।

तपसिल

| क्र.सं. | नदी घाटको नाम | ठेकेदारको नाम | सम्झौता परिमाण | उत्खनन् परिमाण | राजस्व आम्दानी रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चाँपखोला र क्वादी खोला घाट | बुलेट कन्स्ट्रक्सन प्रा.लि. | २६८९१ घ.मि. | २५७७३ घ.मि. | १,०१,९०,५०० | |
| २ | भुवनटार घाट | नेपाल युवा बिल्डर्स प्रा.लि. | २४००० घ.मि. | २३,९५५ घ.मि. | १,५८,५८,२५० | |
| ३ | सेती भतेरी घाट | गा.पा. आफैं | - | १४७२४ घ.मि. | ४८,७८,१२४.९६ | |
| जम्मा राजस्व आम्दानी | | | | | ३,०९,२६,,८७४.९६ | |

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष